# खेल संघ तथा खेल संस्थाहरुको संचालन तथा व्यवस्थापन सम्वन्धि मापदण्ड-२०८१

## प्रस्तावना

प्रदेश खेलकुद विकास ऐन २०७७ र प्रदेश खेलकुद विकास नियमावली २०७७ को आधारमा स्थापना तथा सञ्चालन हुने विभिन्न खेल संघ तथा (क्लव समेत) को दर्ता, नविकरण सञ्चालन, व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ को नियम २५ (१) बमोजिम सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट यो मापदण्ड स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१)यस मापदण्डको नाम "खेल संघ तथा खेल संस्थाहरुको संचालन तथा व्यवस्थापन सम्वन्धि मापदण्ड-२०८१" रहेको छ ।

(२)यो मापदण्ड तुरुन्त लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) 'अध्यक्ष' भन्नाले परिषदको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) 'ऐन' भन्नाले प्रदेश खेलकुद विकास ऐन–२०७७ सम्झनु पर्दछ।

(ग) खेल संघ/संस्था भन्नाले राष्ट्रिय खेलकुद परिषदमा दर्ता कायम भएको कुनै खेलसंग सम्वन्धित खेल संघ वा सो खेल संघको प्रदेश वा जिल्ला संघलाई सम्झिनु पर्दछ र रा.खेप. मा दर्ता नभएका तर गण्डकी प्रदेशमा आवश्यक देखिएर दर्ता भएका खेल संघहरुको प्रदेश स्तरिय खेल संघ वा जिल्ला खेल संघ समेतलाई समेत सम्झनु पर्दछ।

(घ) 'खेलाडी' भन्नाले वर्तमान र पूर्व खेलाडी समेतलाई सम्झनु पर्दछ।

(ङ) 'नियमावली' भन्नाले गण्डकी प्रदेश खेलकुद विकास नियमावली–२०७८ सम्झनु पर्दछ।

(च) 'परिषद्' भन्नाले प्रदेश खेलकुद परिषद गण्डकीलाई सम्झनु पर्दछ।

(छ) 'प्रदेश खेलकुद परिषद्' भन्नाले प्रदेश खेलकुद विकास ऐन २०७७ को दफा ३ बमोजिम गठन भएको परिषद्लाई सम्झनु पर्दछ।

(ज) प्रशिक्षक/प्रशिक्षण केन्द्र भन्नाले परिषदको सुचिकरणमा रहेका प्रशिक्षक र प्रशिक्षण केन्द्रलाई सम्झनु पर्दछ।

(झ) 'मन्त्रालय' भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(ञ) 'सदस्य' भन्नाले परिषदको अध्यक्ष र सदस्य सचिव समेतलाई सम्झनु पर्दछ ।

माननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

सचिव

CamScanner

माननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

(ट) 'समिति' भन्नाले परिषदको कार्यकारी समितिलाई सम्झनु पर्दछ ।

(ठ)'सुचिकृत भएको रेफ्री (निर्णायक), कर्मचारी, पदाधिकारी, खेलाडी, अफिसियल' भन्नाले प्रतियोगिताको दौरानमा खटिने र परिषदमा सुचिकृत रेफ्री/प्रशिक्षक/निर्णायक/कर्मचारी पदाधिकारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

### दर्ता, नविकरण तथा सञ्चालन सम्वन्धि व्यवस्था

३. खेल संघ/संस्था दर्ता, नविकरण तथा सञ्चालन सम्वन्धि व्यवस्थाः (१) प्रदेश खेलकुद विकास ऐन र नियमावलीमा उल्लेखित व्यवस्था बमोजिम खेल संघ/संस्था (क्लव) हरुको दर्ता, नविकरण तथा सञ्चालन हुनेछ ।

(२)यदि "क" बमोजिम खेल संघ दर्ता गर्न आवश्यक पर्ने जिल्ला वा पालिका स्तरीय संघ दर्ता गर्न कुनै कारणवश कम्तिमा ५ जिल्ला खेल संघ तथा कम्तिमा ३ पालिका स्तरिय खेल संघ दर्ता हुन नसकेको अवस्थामा प्रदेश खेलकुद परिषद, जिल्ला खेलकुद विकास समितिले संघ दर्ता समेतको व्यवस्था मिलाउने गरी विभिन्न खेल संघको प्रदेश स्तरिय र जिल्ला स्तरिय खेल संघ तदर्थ समिति गठन गर्न सक्नेछ। त्यसरी गठन हुने खेल संघको तदर्थ समितिले वढिमा १ वर्ष भित्र साधारण सभा र अधिवेशन सम्पन्न गर्नुपर्नेछ।

(३)प्रदेश खेलकुद संघको दर्ता, नविकरण, अनुगमन र विघटन/खारेज सम्वन्धि कार्य सदस्य सचिव र उपदफा "ख"बमोजिम जिल्ला खेल संघको दर्ता, नविकरण, अनुगमन र विघटन र खारेज सम्वन्धि कार्य जिल्ला खेलकुद विकास समितिको कार्य समितिको निर्णयबाट हुनेछ तर जिल्ला खेलकुद विकास समितिबाट भएको उक्त निर्णय सदस्य सचिवबाट अनुमोदन भएको मितिबाट मात्र लागु हुनेछ। सदस्य सचिवबाट भएको प्रदेश खेल संघ/संस्था दर्ता नविकरण तथा खारेजी सम्वन्धि निर्णय उपर चित्त नबुझ्ने हकदैया पुग्ने (मर्का पर्ने) पक्षले ३५ दिन भित्र प्रदेश खेलकुद परिषदको वोर्ड बैठकमा पुनरावेदन दिन सक्ने छ।

(४)कुनै पनि खेल संघ/संस्थाले गण्डकी प्रदेश खेलकुद परिषद वा जिल्ला खेलकुद विकास समितिमा दर्ता, अध्यावधिक नविकरण नगरी खेल संघ संस्थाको लेटर प्याड, छापको प्रयोग गर्न पाइने छैन। माथि उल्लेखित व्यवस्था विपरित कोही कसैबाट लेटर प्याड, छापको प्रयोग गरे गराएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

सचिव

CamScanner

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

(५)खेल संघ/संस्थाहरुले दर्ता गर्नका लागि प्रदेश वा जिल्ला संघको कम्तिमा मस्यौदा विधान २ प्रति र पदाधिकारी/ सदस्यहरुको नागरिकताको प्रतिलिपी सहित तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(६)कुनै एक व्यक्ति कुनै एक खेल संघ भन्दा बढि संघको कुनै पनि तहको पदाधिकारी वा सदस्य रहेमा/भएमा त्यस्तो व्यक्तिको पछिल्लो/माथिल्लो पद कायम रहनेछ। त्यस्तो व्यक्तिलाई अघिल्लो संघहरुले पद मुक्त गर्नुपर्नेछ । यदि पद मुक्त नगरेमा संघको गतिविधिमा रोक लगाउन तथा संघ दर्ता गर्ने निकायले संघ खारेज गर्न सक्नेछ ।

## परिच्छेद ३
### संघ संस्था (क्लव)हरुले पालना गर्नु पर्ने नियमहरु

४. खेल संघ, संस्था (क्लव)हरुले पालना गर्नु पर्ने नियमहरु: (१) प्रत्येक तहका खेलकुद संघहरुले आर्थिक वर्ष समाप्त भएको ४५ दिन भित्र वार्षिक प्रतिवेदन दर्ता गर्ने निकायमा पेश गर्नु पर्ने, संघको ६० दिन भित्र साधारण सभा गर्नु पर्ने, प्रत्येक आर्थिक बर्षको लेखा परिक्षण गराई आर्थिक वर्ष समाप्त भएको मितिले ९० दिन भित्र नविकरण गराई सक्नुपर्नेछ। सो बमोजिम नगरेमा दर्ता गर्ने निकायले संघ खारेज गर्न सक्नेछ ।

(२) प्रत्येक खेल संघहरुले रेफ्रि/निर्णायक/अम्पयार/जजहरुको वार्षिक नविकरण गर्नु पर्नेछ र सबै खेल संघका रेफ्रि/निर्णायक/अम्पयार/जजहरुको परिषदमा अनिवार्य सुचिकृत हुनुपर्नेछ र राष्ट्रिय खेलकुद परिषद(राखेप)/प्रदेश खेलकुद परिषद वा जिल्ला खेलकुद विकास समितिबाट स्विकृती/अनुमती/सहमती नलिई आयोजना हुने खेलकुद प्रतियोगिता/खेलकुद कार्यक्रममा रेफ्रि/निर्णायक/अम्पयार/जज भई खेल सञ्चालन गर्न पाइने छैन। यदि विना स्विकृती आयोजित खेलमा निर्णायक भई कार्य गरेमा त्यस्ता रेफ्रि/निर्णायक/अम्पयार/जजहरुलाई परिषद/जिल्ला खेलकुद विकास समितिले लाईसेन्स/इजाजत पत्र निलम्वन/खारेज गर्न सक्नेछ।

(३)प्रदेश खेल संघहरुले प्रदेश भित्र सञ्चालन हुने खेलाडी, प्रशिक्षण केन्द्रहरुको अनुगमन र नियमन गर्नुपर्नेछ। जुनसुकै स्तरको प्रशिक्षण केन्द्रहरुको संचालन र स्थापना सम्बन्धित संघको सिफारिसमा परिषदको अनुमती/स्विकृती लिनुपर्ने व्यवस्था सम्वन्धित खेल संघले गर्नुपर्नेछ। स्वीकृत वा अनुमती नलिई कुनै पनि खेलकुद कार्यक्रम/प्रतियोगिता/खेलको प्रशिक्षण केन्द्र सञ्चालन गर्न पाइने छैन। ........................................................

सचिव

CamScanner

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ मन्त्रालय

(४)परिषद आफै वा परिषदको अनुमती/स्वीकृतिमा खेल संघहरुले सम्वन्धित खेल संघहरुको जिल्ला/प्रदेश तथा राष्ट्रिय रेफ्रि/निर्णायक/अम्पयार/जजहरुको उत्पादनको लागि तालिम/ प्रशिक्षण सञ्चालन गरि प्रमाणपत्र प्रदान गर्न सक्ने छ ।

(५)स्थापना भएका प्रत्येक खेल संघहरुले कार्यालय सम्वन्धि बोर्ड र कार्यालय सञ्चलन गरि सेवा प्रवाहको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(६)मन्त्रालय र प्रदेश खेलकुद परिषदबाट जारी खेलकुद निति, निर्देशिका, मापदण्ड तथा प्रदेश खेलकुद परिषदले तय गरेको नारा, निर्णय, निर्देशन सबै खेल संघहरुले पालना र कार्यान्वयन गर्नुपर्नेछ।

(७)प्रत्येक खेल संघहरुले सम्वन्धित खेलहरुको आधिकारिक राष्ट्रिय प्रतियोगिता तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागि वर्तमान तथा पूर्व खेलाडीहरुको अभिलेखीकरण, सुचिकरण गरी सोको विवरण परिषदमा पेश गर्नुपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८)खेल संघ दर्ता तथा नविकरण सम्वन्धि शुल्क तोकिए बमोजिम हुनेछ। म्याद भित्र नविकरण नगराए वापत प्रदेश संघको हकमा परिषद र जिल्ला खेल संघ र संस्था(क्लव)हरुको हकमा जिल्ला खेलकुद विकास समितिले थप शुल्क निर्धारण गरि लिन सक्ने छ। त्यस्तो शुल्क परिषदको कोषमा जम्मा गरी वोर्ड बैठकको निर्णयबाट खर्च गर्नुपर्नेछ।

(९)जिल्ला खेल संघ तथा जिल्ला खेल संघसंस्था(क्लब)हरुको दर्ता/आवद्धता/सुचिकरण सम्वन्धित जिल्ला खेलकुद विकास समितिमा हुनेछ। सोको लागि जिल्ला खेलकुद विकास समितिले शुल्क निर्धारण गर्न सक्नेछ।

(१०) खेल संघहरुमा सकभर कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, महासचिव/सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला हुनुपर्ने र कार्यसमितिमा ३३ प्रतिशत महिला हुनुपर्नेछ । यदि महिला उपलव्ध हुन नसकेमा वा पदाशिन हुन रुची नदेखाएमा उक्त पदहरुमा पुरुष आशिन हुन कुनै वाधा पर्ने छैन र खेल संघहरुको कार्यसमितिमा सम्वन्धित खेलको पूर्व खेलाडीहरुको सहभागितालाई ध्यान दिनु पर्नेछ।

(११)सवै दर्ता भएका खेल संघहरुले साधारण सदस्यता वितरण हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(१२)खेल संघहरुको सिफारिसमा परिषदबाट संचालन, अनुमती र स्वीकृति लिएका वा अब उप्रान्त स्थापना/संचालन हुने खेल प्रशिक्षण केन्द्रहरुले संघको जिल्ला खेलकुद विकास समितिको स्विकृति लिई प्रशिक्षण शुल्क लिन सक्नेछन, त्यस्तो शुल्क रकमको खर्च समेत

सचिव

माननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

सम्बन्धित तहको संघको सिफारिस र जिल्ला खेलकुद विकास समितिको स्विकृतिमा प्रशिक्षण केन्द्र र प्रशिक्षकले खर्च गर्न सक्नेछन ।

(१३)भौगोलिक अवस्थाका कारण सबै जिल्ला वा पालिकामा खेल खेल्न नसक्ने कारण वा सबै जिल्ला, पालिका तहसम्म खेलको विस्तार भैनसकेको वा परम्परागत वा मौलिक खेल लगायत विशेष प्रकृतिका खेलहरुको समेत परिषद वा जिल्ला खेलकुद विकास समितिले खेल संघ दर्ता या तदर्थ समितिको गठन गर्न सक्नेछ।

(१४) यस अघि दर्ता तथा नविकरण भएका खेल संघहरु यसै मापदण्ड बमोजिम दर्ता तथा नविकरण भएको मानिनेछ।

(१५)यो मापदण्ड गण्डकी प्रदेश भित्र प्रदेश खेलकुद परिषद, जिल्ला खेलकुद विकास समितिहरु, स्थानीय पालिका, खेल संघ संस्थामा समेत लागु हुनेछ।

माननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय